स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



निर्देशक निश्चल बस्नेतले पछिल्लो फिल्म 'दिमाग खराब'को दोस्रो श्रृंखला ल्याउने घोषणा गरेका छन् । प्रदर्शनको ५१ औं दिन मनाउन शनिबार आयोजित समारोहमा उनले २०८३ सालको दशैंमा सिक्वेल ल्याउने बताए । यसबारे उनले भने, 'ढुक्क हुनूस सिक्वेल आउँछ । २०८३ सालको दशैंमा आउँछ । हामीलाई लागेको र राष्ट्रको हितमा हुने विषय त्यसमा हुनेछ । अहिले भनिहाल्ने अवस्था छैन । तर, त्यो समयलाई टार्गेट गरेर आउँछ ।'

**आजको विचार...**



मेलमिलाप..
(दुई पेजमा)

प्रकाश नेपाल



अभिनेत्री ऋचा शर्माको गत असोज २६ मा रिलिज 'कौसिद'पछि कुनैपनि फिल्म आएको छैन । आमा बनेपछि फिल्म अभिनयबाट केही समय टाढा रहेको कारण उनका फिल्म कमी भएको हो । उनी अब भने सक्रिय हुने भएकी छन् । ऋचा यतिबेला बेड रेष्टमा पनि छिन् । हालै थाइराटको सर्जरी गराएको कारण उनी रेष्टमा बसेकी हुन् । रेष्टकै समय उनले 'कमेडी च्याम्पियन' नयाँ सिजनको जज र केही फिल्म अभिनयका लागि स्क्रिप्ट अध्ययन गरिन् । जसमध्ये एक फिल्म अभिनय गर्ने निश्चित समेत भैसकेको छ ।

❑ वर्ष २९ ❑ अंक १५४ ❑ २०८० पुस १६ गते सोमबार 1 January 2024, Monday ❑ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### आगलागी हुँदा छ जनाको मृत्यु



(रासस/सिन्ह्वा)

**नयाँदिल्ली,** पुस १५/भारतको दक्षिणपश्चिमी राज्य महाराष्ट्रको एक कारखानामा शनिबार र आइतबारको मध्यरातमा आगलागी हुँदा कम्तीमा छ जनाको मृत्यु हुनुका साथै अन्य नौ जना घाइते भएको स्थानीय प्रहरीले जनाएको छ । राज्यको छत्रपति सम्भाजीनगर जिल्लामा रहेको ह्यान्ड ग्लोब्स उत्पादन गर्ने एक उद्योगमा आगलागी भएको हो ।

आगलागीको कारण खुल्न सकेको छैन । घटनाको विवरण दिनका लागि आफु आधिकारिक व्यक्ति नभएको जनाउँदै एक प्रहरी अधिकारीले भने, 'हामीलाई करिब १:१५ बजे फोन गरेर आगलागी भएको जानकारी आएको थियो । हामी आगो निभाउने उपकरणसहित घटनास्थलमा पुग्यौं । आगो निभाइएको छ । छ जनाको शव फेला परेको छ ।' घटनाको पुष्टि गर्दै स्थानीय दमकल विभागका एक अधिकारीले भने, 'घटनामा छ जनाको मृत्यु भएको र नौ जनालाई घाइते अवस्थामा स्थानीय अस्पतालमा भर्ना गरिएको छ ।' घाइतेमध्ये केहीको अवस्था गम्भीर रहेकोले मृतक संख्या थप हुन सक्ने उनले बताए ।

## सन्दर्भ : मेलमिलाप दिवस

# राष्ट्रिय एकताको कुरा गर्ने काँग्रेस आफैं छिन्नभिन्न

रामचन्द्र रायमाझी

**पाल्पा,** पुस १५/आज पुस १६ गते राष्ट्रिय एकता र मेलमिलाप दिवस । बिपी कोइरालाले आजभन्दा ४७ वर्षअगाडि यसै दिन सबै खाले राजनीतिक एवं व्यक्तिगत जोखिमको परवाह नराखी देशको अस्तित्व संकटमा परेको महशुस गरी राष्ट्रियता र देशको अस्तित्वका लागि 'राष्ट्रिय एकता र मेलमिलाप'को प्रस्ताव राखेका थिए ।

तत्कालीन भारतीय पक्षले बीपीलाई अन्तिम अवस्थामा स्वदेश फर्कनबाट रोक्ने प्रयास गरे पनि २०३३ साल पुस १६ गते राष्ट्रिय मेलमिलापको नीति लिएर उनी स्वदेश फर्किएका थिए । आफ्ना राजनीतिक सहपाठी गणेशमान सिंहका साथ दर्जनौं कार्यकर्तासहित भारतको स्वनिर्वासनलाई परित्याग गर्दै बिपी स्वदेश फर्केको आजको दिनलाई विगतदेखि नै नेपाली काँग्रेसले 'राष्ट्रिय एकता र मेलमिलाप दिवस'का रूपमा मनाउँदै आएको छ । तर राष्ट्रिय एकताको कुरा गर्ने देशको ठूलो पार्टी काँग्रेस आफैं छिन्नभिन्न अवस्थामा छ । सोमबार देशभर दिवस मनाइरहँदा काँग्रेस भने चरम गुटबन्दीमा फसेको छ । एउटा पक्ष एक्लौटी रुपमा पार्टी सञ्चालन गर्ने गरी अगाडि बढेको छ भने अर्को



समूहले पार्टीको बैठक बहिष्कार गर्नुको साथै गुटका बैंठक गर्दै आएको छ । बिपीलाई काँग्रेसजनले नै साचो अर्थमा जीवनभर चिन्न र बुझ्न सकेनन् । काँग्रेसजनले नै बीपीको दर्शन, सिद्धान्त, व्यवहारलाई मनन् गरेर आत्मसाथ गर्न नसक्नु पार्टी र देशकै लागि विडम्वना र दुर्भाग्य हुँदै आएको छ ।

मेलमिलाको कुरा गर्ने काँग्रेस आफै भित्र एक जुट नहुनु दुखद् भएको काँग्रेस पाल्पाका युवा नेता राजेन्द्र गोपाल सिंहले बताए । उनले बिपीको मेलमिलापको नीतिलाई काँग्रेसले आत्मसाथ गर्न नसक्दा लोकतन्त्र र गणतन्त्र थप कमजोर बन्दै गएकोप्रति चिन्ता व्यक्त गरे । नेता सिंहले भने 'जनताको अधिकार स्थापनाका लागि जीवनभर संघर्ष गरेका बीपी कोइरालादेखि गणेशमान सिंहसम्मले नेतृत्व गरेको पार्टी काँग्रेस हो । नेताहरू इतिहास रक्षा गर्न र पार्टीको गरिमा बचाउन लाग्नुपर्नेमा, आफ्नो स्वार्थ पूरा गर्न पार्टीलाई भद्रगोल बनाउन लागेका छन् ।' जबसम्म काँग्रेसले बिपीको मेलमिलाप नीतिको मर्मलाई आत्मसाथ गर्दैन तबसम्म सरकार र संगठन बन्न नसक्ने उनको भनाई छ । नेता सिंहले नेताहरुका कारण जनाताहरुमा नैराश्यता पैदा भएकाले काँग्रेसले मेलमिलापको नीतिलाई सही ढंगले कार्यान्वयन गर्नुको विकल्प नरहेको बताए । राष्ट्रिय एकतामा जोड दिने बीपीकै पार्टीमा एकताको खाँचो रहेको काँग्रेसका पुराना नेता शिवचन्द्र खनालले औल्याए । आफु भित्रै लडेर पार्टी र देशले निकास पाउन नसक्ने भन्दै उनले पहिला काँग्रेस आफैं एक हुनुपर्ने बताए । नेता खनालले भने 'बिपीको मेलमिलाप नीति अहिले झन् सान्दर्भिक बन्दै गएका बेला काँग्रेसले त्यसलाई विर्सन हुँदैन, सिद्धान्तमा मेलमिलापको खोल ओड्ने तर व्यवहारमा कार्यान्वयन नगर्ने गर्नु हुँदैन ।' काँग्रेसले हरेक वर्ष मेलमिलाप दिवसका अवसरमा कार्यक्रम गर्दै आए पनि संस्थापन र असन्तुष्ट समूहको विवाद चुलिँदो छ । सभापति शेरबहादुर देउवाले बोलाएको केन्द्रीय कार्यसमिति बैठक अर्को पक्षले बहिष्कार गर्दै आएको छ । सभापति देउवा पेलेरै अगाडि बढ्न खोजेपछि अर्को समूह चिढिनुले मेलमिलापको नीतिलाई गिज्याइरहेको छ । काँग्रेसका संस्थापक नेता एवम् प्रथम जननिर्वाचित प्रधानमन्त्री बीपी कोइराला आफूमाथि आठ-आठ वटा मृत्युदण्डका मुद्दा अदालतमा चलिरहेका बेला पनि राष्ट्रिय एकताका लागि जीवन अर्पण गर्न तयार भएको भन्दै २०३३ साल पुस १६ गते स्वदेश फिर्ता भएको सम्झनामा मेलमिलाप दिवस मनाउने गरिएको हो । त्यसबेला कोइरालासँगै सर्वोच्च नेता गणेशमान सिंह, नेत्री शैलजा आचार्य, नेता खुमबहादुर खड्का, रामबाबु प्रसाईं, नीलाम्बर पन्थी लगायत नेता कार्यकर्ता राष्ट्रिय एकता तथा मेलमिलापको नीति लिई करिब आठ वर्ष लामो निर्वाशित जीवन त्याग गरी स्वदेश फर्किएका थिए । नेपाल फर्किएका कोइराला सहित नेताहरूलाई विमानबाट त्रिभुवन विमानस्थलमा ओर्लिने बित्तिकै बन्दी बनाएर सुन्दरीजल पुऱ्याइएको थियो । काँग्रेसले त्यसयता पुस १६ लाई मेलमिलाप दिवसको रुपमा मनाउने गरेको छ ।

## आज राष्ट्रिय एकता तथा मेलमिलाप दिवस मनाइँदै

**गुल्मी,** पुस १५/आज ४८ औं राष्ट्रिय एकता तथा मेलमिलाप दिवस पाल्पा, गुल्मीसहित देशभर काँग्रेसले मनाउँदै छ । नेपाली काँग्रेसका संस्थापक बीपी कोइरालालगायतका नेता लामो निर्वासन अन्त्य गरी स्वदेश फर्किएको दिन १६ पुसलाई काँग्रेसले हरेक वर्ष 'राष्ट्रिय एकता तथा मेलमिलाप दिवस'का रुपमा मनाउँदै आएको छ ।

गुल्मी काँग्रेसले पनि आज विभिन्न कार्यक्रम गरी मेलमिलाप दिवस मनाउँदै छ । मंसिर ९ र १० गते सम्पन्न पार्टीको दोस्रो जिल्ला सम्मेलनले गरेको निर्णयलाई कार्यान्यन गर्दै काँग्रेसले पूर्व निर्धारित कार्यक्रम अनुसार जिल्ला भित्रका ९३ वडामा एकै दिन राष्ट्रिय मेलमिलाप दिवस मनाउन लागेको हो । उसले दिवससँगै वडा भेला गर्ने र जिल्ला सम्मेलनले गरेका निर्णयहरु कार्यान्वयन गर्ने प्रतिवद्धतासहित कार्यक्रम गर्नका लागि प्रत्येक वडामा जिल्ला प्रतिनिधि खटाइएको नेपाली काँग्रेस उपसभापति अनन्तराम पौड्यालले जानकारी दिए । गुल्मी काँग्रेसको अठोट, सवल वडा सक्षम टोल, मुख्य नारा दिइएको यो कार्यक्रमलाई दोस्रो जिल्ला सम्मेलनले तम्घास घोषणा पत्रका रूपमा वर्ष भरी कार्यान्वयन गर्दै जाने प्रतिवद्धताका साथ महत्वपूर्ण निर्णयहरु कार्यान्वयन गर्न लागिएको पार्टी सचिव भगतसिंह खड्काले बताए । पार्टीको लागि ४८ औं मेलमिलाप दिवस, विशेष दिन, विशेष कारण सबै वडामा प्रतिनिधी खटाएर, प्रत्येक महिनाको पहिलो शनिबार टोल समिति, दोस्रो शनिबार वडा र कार्यपालिका बैठक नियमित गर्ने /गराउने र वडाभित्रका अग्रज, सहस्र चन्द दर्शन गरी सकेका वृद्धवृद्धा र उद्यमी युवा एवं महिलाको योगदानको सम्मानका लागि सिफारिस सहितको प्रतिवेदन तयार गरेर पार्टीलाई बुजाउनुपर्ने निर्णय भएको अर्का सचिव जगदीश भट्टराईले बताए । यता पाल्पा काँग्रेसले पनि विभिन्न कार्यक्रम गरी दिवस मनाउन लागिएको जनाएको छ ।

## शिक्षामा ज्योती जगाउँदै बगनासकालीका पदम

कृष्ण पोखरेल

**पाल्पा,** पुस १५/हरेक मानिसले पैसा कमाउछ तर त्यो कमाएको पैसामा सामाजिक क्षेत्रमा खर्च गर्छ की आफ्नो परिवारमा मात्र खर्च गर्छ भन्ने कुरा समाजको लागि महत्वपूर्ण हुन्छ । मानिस जन्मिदा खाली हात र मृत्यु हुँदा पनि खाली हात नै हुन्छ । उसले जति धेरै धनसम्पत्ती कमाए पनि सँगै लिएर जान सक्दैन । जिवित हुँदा कमाएको सम्पति सामाजिक काममा खर्च गरेको छ भने उ मरेर गए पनि उसलाई सबैले सम्झिरहेका हुन्छन् ।

यस्तै नमुना काममा जुटेका छन् लामो समयसम्म दुबईमा रोजगारी गर्दै आएका बगनासकाली गाउँपालिका-



२ का पदमबहादुर राना । रानाले बगनासकाली गाउँपालिका र तानसेन नगरपालिकाका विभिन्न विद्यालयमा शैक्षिक अक्षयकोष स्थापनासँगै बालबालिकालाई झोला, कापी कलम वितरण गरेका छन् । कुनै पनि बालबालिका आर्थिक अभावका कारण पढाईबाट बञ्चित हुन नपरोस् भनी रानाले यो अभियान शुरु गरेका हुन् । आर्थिक अभावका कारण आफुले चाहे अनुसारको अध्ययन गर्न नपाएको कारण पनि रानाले शैक्षिक अभियानमा दिल खोलेर सहयोग गरेका हुन् । समाजसेवी रानाले कक्षा ३ देखि कक्षा ६ सम्म अध्ययन गरेको सिद्धि माध्यमिक विद्यालय बगनासकाली-३ आर्यभञ्ज्याङ्गलाई ८ लाख ८८ हजार ८ सय ८८ रकमको अक्षयकोष स्थापना गरेका छन् । रानाले सिद्ध माविमा अहिले सम्मकै ठूलो राशीको अक्षयकोष स्थापना गरेको विद्यालयले जनाएको छ । उनले स्थापना गरेको अक्षयकोषबाट पढ्ने इच्छा भएर पनि आर्थिक अभाव भएर विचैमै पढाई छाड्ने विद्यार्थीको लागि केन्द्रित रहने छ । *(...बाँकी अन्तिम पेजमा)*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## टोपी दिवसको औचित्य

राष्ट्रिय टोपी दिवस आज नेपालमा विभिन्न कार्यक्रम गरी मनाइँदै छ । नेपालीहरूले हरेक अंग्रेजी वर्षको जनवरी १ तारिखमा टोपी दिवस मनाउने गरेका छन् । नेपाली टोपीको प्रयोगलाई संसारभर व्यापक बनाउने उद्देश्यले सन् २०१४ जनवरी अर्थात् २०७० पुस १७ गतेदेखि अन्तर्राष्ट्रिय नेपाली टोपी दिवस मनाउन थालिएको हो । टोपीलाई राष्ट्रियकरण गर्नको लागि दिवस मनाउनु राम्रै हो । तर पछिल्लो समय क्रिसमस र अंग्रेजी वर्ष मनाउन मरिहत्ते गर्ने नेपालीले आफ्नो मौलिक संस्कृति बिर्सँदै गएको नेपाली नयाँ वर्षलाई महत्व नदिएबाटै प्रस्ट हुन्छ । जे होस् जस्तै भए पनि अंग्रेजी नयाँ वर्षकै दिन नेपालीहरुले टोपी दिवस मनाउनुलाई अन्यथा मान्नु हुँदैन । भलै, सामाजिक सञ्जालमा तस्बिर राख्न नै किन नहोस्, टोपी दिवस मनाउने युवा जमात बढिरहेको छ । नेपाली ढाका टोपी हाम्रो सान र मान पनि हो । नेपालीपन झल्कने पहिचान पनि ढाका टोपीले दिन्छ । ढाका टोपी लगाएर हिंड्दा नेपाली हुँ भन्ने छुट्टै गर्वानुभूति हुन्छ । दुर्भाग्य नै भनौं, टोपी दिवस नागरिकस्तरबाट मनाइँदै आएपनि यसले राष्ट्रियरुपमा भने अझै मान्यता पाइसकेको छैन ।

टोपी दिवस मनाउनुको एउटा अर्थ आफ्नै संस्कृति तथा संस्कारको संरक्षणको रुपमा लिन सकिन्छ । किनभने नेपालीहरूले धेरै पहिले आफ्नो शिरवस्त्रको रूपमा टोपी लगाउँदै आएका छन् तर, पछिल्लो समय टोपी लगाउने चलन विशेष सभा समारोह वा कार्यक्रममा मात्र सीमित भएको छ । वृद्धहरूले टोपी लगाइरहे पनि युवायुवतीले भने कमै मात्र टोपी लगाउने गरेका छन् । यसकारण पनि आफ्नो संस्कृतिको रूपमा रहेको टोपी लगाउने चलन कतै विस्तारै हराउने हो कि भन्ने आशंका पनि बढ्दै गएका बेला स्वस्फूर्त रुपमा जनवरी १ मा टोपी दिवस मनाउनुले टोपीप्रतिको आकर्षणले सकरात्मक सन्देश प्रवाह गरेको छ । यसर्थ अर्काको संस्कृतिमा रमाउनुभन्दा आफ्नै मौलिक संस्कृतिमा गर्व गर्न सकेमात्रै नेपाल र नेपाली संस्कृतिको अन्तर्राष्ट्रिय रुपमा प्रवर्द्धन हुनुको साथै टोपी दिवस मनाउनुको औचित्य रहन्छ ।

## Opinion @ Social Network

पुस्तकको आवरण हेरेर भित्री ज्ञान लिन सकिदैन ।
पुस्तक पढ्नै पर्ने हुन्छ । अनि मात्र मूल्यांकन गरिनुपर्छ ।
*(मिला दराईको फेसबुक स्टाटस https://www.facebook.com/mk.mila)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# मेलमिलाप दिवस र नेपाली काँग्रेस



**प्रकाश नेपाल**

*तत्कालीन अवस्थामा दक्षिण एसियामा देखिएको राजनैतिक संक्रमणका कारण नेपालमा त्यसले राष्ट्रियता माथि नै उत्पन्न गराउने गहिरो संकटबाट मुलुकलाई जोगाउनका लागि भनेर फासीको सजायको कुनै प्रवाह नगरी राष्ट्रियताको सवालमा राजनैतिक दल र राजा एकै ठाउँमा हुनु पर्दछ भनि राजनैतिक दल र राजाले मिलेर राष्ट्रियता जोगाउन राष्ट्रिय एकता तथा मेलमिलाप गर्नु पर्दछ भनेर वि.पी भारतबाट नेपाल आएको दिन हो आज । आजको दिनलाई विगतदेखि नै नेपाली कांग्रेसले 'राष्ट्रिय एकता र मेलमिलाप दिवस'का रुपमा मनाउँदै आएको छ । आज कांग्रेसले एकाध ठाउँमा भाव र लयशून्य मेलमिलापको गीत पनि गाउनेछ । मेलमिलाप दिवसको महत्वको कथा वाचन गरिनेछ र केही नेताले यसको खुबै महिमामण्डन गर्नेछन् । तर, यी सबै हिजो गिरिजा बाबुले एमालेसहितका कम्युनिस्टलाई मिलाएर सात दलको गठबन्धन बनाउनु मेलमिलाप नीतिकै तहमा गरिएको हो । भारतीय नेतालाई साक्षी राखेर दिल्लीमा सशस्त्र विद्रोही माओवादीसँग गरिएको १२ बुँदे समझदारी पनि बिपी कोइरालाले लिएको राष्ट्रिय एकता र मेलमिलाप नीतिकै अधीनमा गरिएको हो भन्दै महिमा गाए भने आश्चर्य मान्नुपर्ने छैन । बिपीले मेलमिलापको प्रस्ताव कम्युनिस्ट वा अन्य कुनै दलसँग गरेका थिएनन् । त्यो प्रस्ताव राजा वा राजसंस्थासँग नै थियो । बिपी कम्युनिष्टहरू राष्ट्रवादी नहुने र प्रजातन्त्रवादी पनि नहुने भएकाले उनीहरूसँग मिलेर प्रजातन्त्रको लडाइँ लड्ने मान्यतामा कहिल्यै थिएनन् । प्रजातन्त्रको सवालमा राजासँग संघर्ष गर्दै बाह्य हस्तक्षेपबाट देशलाई मुक्त गरी राष्ट्र बचाउन र बलियो बनाउन, राष्ट्रियताको मूल्यमै राजसंस्थासँग एकता र मेलमिलापको प्रस्ताव गरेका थिए ।*

२०३३ सालमा नेपाली काँग्रेसका नेता वि.पी कोइराला, गणेशमान सिंह, शैलजा आचार्य, खुमबहादुर खड्का लगायतका नेताहरु राष्ट्रिय एकता तथा मेलमिलापको नीति लिएर स्वदेश फर्किएको दिनलाई आज सम्म राष्ट्रिय मेलमिलापको दिवसको रुपमा काँग्रेसले मनाउँदै आएको छ । जननिर्वाचित सरकारलाई राज महेन्द्रले अपदस्त गरेपछि वि.पी कोइरालालाई तीन महिनासम्म सिंह दरबार भित्र नजर बन्दका रुपमा राखियो । तीन महिनापछि उनलाई सुन्दरीजल कारागार सारियो । २०२५ सालमा क्यान्सर रोगले ग्रसित वि.पीलाई भारतमा उपचार गर्नका लागि भन्दै छोडियो । भारतमा उपचार गर्ने, राजा महेन्द्रको शाशन पद्धतिका विरुद्धमा भारतबाट आन्दोलन गर्ने उद्देश्यले त्यसतर्फ लागेको हो । तत्कालीन अवस्थामा दक्षिण एसियामा देखिएको राजनैतिक संक्रमणका कारण नेपालमा त्यसले राष्ट्रियता माथि नै उत्पन्न गराउने गहिरो संकटबाट मुलुकलाई जोगाउनका लागि भनेर फासीको सजायको कुनै प्रवाह नगरी राष्ट्रियताको सवालमा राजनैतिक दल र राजा एकै ठाउँमा हुनु पर्दछ भनि राजनैतिक दल र राजाले मिलेर राष्ट्रियता जोगाउन राष्ट्रिय एकता तथा मेलमिलाप गर्नु पर्दछ भनेर वि.पी भारतबाट नेपाल आएको दिन हो आज ।

आजको दिनलाई विगतदेखि नै नेपाली कांग्रेसले 'राष्ट्रिय एकता र मेलमिलाप दिवस'का रूपमा मनाउँदै आएको छ । आज कांग्रेसले एकाध ठाउँमा भाव र लयशून्य मेलमिलापको गीत पनि गाउनेछ । मेलमिलाप दिवसको महत्वको कथा वाचन गरिनेछ र केही नेताले यसको खुबै महिमामण्डन गर्नेछन् । तर, यी सबै हिजो गिरिजा बाबुले एमालेसहितका कम्युनिस्टलाई मिलाएर सात दलको गठबन्धन बनाउनु मेलमिलाप नीतिकै तहमा गरिएको हो । भारतीय नेतालाई साक्षी राखेर दिल्लीमा सशस्त्र विद्रोही माओवादीसँग गरिएको १२ बुँदे समझदारी पनि बिपी कोइरालाले लिएको राष्ट्रिय एकता र मेलमिलाप नीतिकै अधीनमा गरिएको हो भन्दै महिमा गाए भने आश्चर्य मान्नुपर्ने छैन । बिपीले मेलमिलापको प्रस्ताव कम्युनिस्ट वा अन्य कुनै दलसँग गरेका थिएनन् । त्यो प्रस्ताव राजा वा राजसंस्थासँग नै थियो । बिपी कम्युनिष्टहरू राष्ट्रवादी नहुने र प्रजातन्त्रवादी पनि नहुने भएकाले उनीहरूसँग मिलेर प्रजातन्त्रको लडाइँ लड्ने मान्यतामा कहिल्यै थिएनन् । प्रजातन्त्रको सवालमा राजासँग संघर्ष गर्दै बाह्य हस्तक्षेपबाट देशलाई मुक्त गरी राष्ट्र बचाउन र बलियो बनाउन, राष्ट्रियताको मूल्यमै राजसंस्थासँग एकता र मेलमिलापको प्रस्ताव गरेका थिए । बिपीले भनेका छन्, 'राजासँगको जो हाम्रो संघर्ष छ, त्यसलाई सीमांकन गरौँ । एउटा परिधि बनाऔँ । त्यस परिधिभित्र त्यस संघर्ष, विवाद र झगडालाई सीमित राखौँ । बाहिरको खतरालाई हामीले ध्यान दिऊँ । मलाई पहिले बाहिरको खतराको ध्यान हुँदैनथ्यो, तर अहिले त मलाई त्यसको धेरै अनुभव भएको छ । पहिले राष्ट्रियताको प्रश्न दोस्रो महत्वमा थियो भने आज यो प्रथम महत्वको हुन आएको छ ।' बिपी अगाडि भन्छन्, 'राजा महेन्द्रले बुझेनन्' आफ्नो राजतन्त्रको जरा खने । बरु म माटो भर्न थालेको छु, राजतन्त्रको जरामा ।' राजसंस्थाबाट सबैभन्दा बढी प्रताडित बिपीले राष्ट्र र राष्ट्रियताको मूल्यमा राजसंस्था अपरिहार्य ठाने । तर, अर्का नेताले पहिलो राष्ट्रपति बन्ने लोभमा बिपीका यी अडान र मूल्यलाई झर्लामझुर्लुम पारे । त्यसको मूल्य आज देश र कांग्रेस चुकाउँदै छ । अझ कति चुकाउनुपर्ने हो, त्यसको कुनै ठेगान छैन । वि.पीद्धारा प्रतिपादित सिद्धान्त र दर्शनलाई आत्मसाथ गर्ने काँग्रेसका कार्यकर्तालाई यो दिवस मनाइँ रहँदा लाज पनि लाग्नुपर्ने हो तर काँग्रेसका नेता तथा कार्यकर्तालाई लाज छैन । वि.पी कोइरालाको राष्ट्र र राष्ट्रियता र आफ्नो पार्टी तथा संगठन प्रति त्याग समर्पण थियो । हो उनैले स्थापना गरेका दलका नेताको आजको अवस्थालाई राम्रोसँग नियाल्दा पुराना कार्यकर्तालाई काँग्रेसको कार्यकर्ता हुँ भन्न लाज लाग्ने अवस्था आएका कारण वि.पीसंग राजनैतिकमा होमिएका र वि.पीलाई नजिकबाट नियालेका कार्यकर्ता यतीखेर शु शुप्त अवस्थामा रहेका छन् । यस्तो किन भयो भन्ने विषयमा तल देखि माथि सम्मका नेताले जान्ने र बुझ्ने चेष्टा कहिल्यै गरेनन् ।

वि.पी कालिन समयको काँग्रेसको संगठित गतिविधी चुस्त दुरुस्त थियो आफुसँग फरक मत राख्ने पार्टी भित्रका समकक्षीको पनि राम्रोसँग कुरा सुन्ने र स-सम्मान रुपमा सांगठित जिम्वेबारी दिने गर्दथिए । अहिलेका नेतृत्वले भित्तामा पुर्‍याउने गरी किनारा लगाउने काम हुँदैन थियो । कुनै कार्यकर्ता, नेता तथा नेतृत्वले गल्ती तथा कमजोरी भएको खण्डमा गल्तीलाई सच्याउन बोलाएर भन्ने पनि गर्द थिए । अहिलेका नेतृत्वले जस्तो गलत गर्नेलाई पनि पुरस्कृत गर्ने परिपाटी थिएन । वि.पीको समयमा भएका काँग्रेस र अहिलेका काँग्रेसको मनोस्थिती ज्यादै फरक देखिन्छ ।

अनुशानको समय पनि थियो फेरि मेलमिलाप पनि थियो । त्यसै राष्ट्रियता पनि कमजोर थिएन । हुन त वामपन्थीसँग राष्ट्रियता भन्ने शब्दवली नै नहुँदो रहेछ । उनीहरुले यही सवालमा भन्ने गर्दछन् । वि.पीले राजासँग घाटी जोडे । त्यो किन हो भन्ने सवालमा बुझ्न् खोजेनन् । खोज्दा पनि खोज्दैनन् । राष्ट्रियताको सवालमा वि.पीले कही कतै कुनैसँग गलत सम्झौता गरेनन् । तत्कालीन समयमा भारतका समकक्षी संग कडा रुपमा प्रस्तुत भएका कारणले पनि २०१७ सालमा महेन्द्रको क्रियाकलाप प्रती भारतको समर्थन भयो । भारतले महेन्द्रको प्रजातन्त्रको (कु) को बिरोध नै भएन । चिनसँगको सम्बन्ध पनि त्यस्तै भयो । भारत सदैव वि.पी संग त्रास नै थियो कारण राष्टियताको नै थियो र ?

भारतसँग वि.पीले गण्डक संझौता गरेको भनेर दरवारीया र कम्युनिष्टले बार बार भन्ने गर्दछन् । त्यो चाही होइन । दरवारीया गुप्रले नै हो । त्यस्ता त्यस्ता गलत संझौतामा वि.पी कहिल्यै नलागेको र औला उठाउन नदिने हुन् । काला पानी , लिपुलेक जस्ता अतिक्रमित भूमी वि.पीको कार्यकालमा भएको भए समकक्षीसँग तत्कालीन वार्ता गरेर समाधान गर्न सक्ने क्षमता थियो । अहिलेको जस्तो होइन । सबैको कुरा सुन्ने र बुझ्ने वि.पी राष्ट्र र राष्ट्रियाता र संगठन निर्माणमा बेग्लै पहिचान बनाउन सफल व्यक्ति नै हुन । पार्टीमा पनि सबैको अस्तित्व कायम राखिदिने सबैको बिचार सुन्ने हो । त्यसैले वर्तमान समयमा वि.पीका अनुयायी राजनैतीमा क्रियाशिल भए जस्तो लाग्दैन । वि.पीको आदर्शलाई स्वीकार गरेका व्यक्ति र व्यक्तित्व अहिले पार्टीको कुनै पनि भूमिकामा छैनन् । त्यसैले मेलमिलाप भन्ने नै छैन । संगठनमा मेल मिलाप भन्ने नै नभए पछि काँग्रेसले ब्यानर राखेर त्यो दिवस मनाउन व्यर्थ छ जस्तो लाग्दछ । वि.पीद्वारा प्रतिपादित सिद्धान्त दर्शन अनि पार्टी भजाएर पार्टीको नाममा गुट बनाउने, मुलुक र जनतालाई दोहन गर्ने काम मात्र भएका कारणले गर्दा व्यर्थमा दिवस मनाउन लागेको छ जस्तो लाग्दछ । अहिलेका काँग्रेस वि.पीका नाम मात्र हो । दर्शन सिद्धान्त सबै मेटाइसकेको अवस्थामा नाम लिन पनि व्यर्थ हो जस्तो लाग्दछ ।

***(लेखक जिल्लाका क्रियाशील एवं समसामयिक विषयमा खरो रुपमा कलम चलाउने युवा पत्रकार समेत हुन् ।)***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** :काम थाल्न समय लागे पनि सम्भावना खोजी गर्ने समय छ। | **तुला** :मिहिनेतले दिगो फाइदा दिलाउनेछ। पहिलेको उपलब्धिले उत्साह जगाउनेछ। |
| **वृष** :स्वास्थ्य कमजोर रहनाले सोचेको उपलब्धि तत्काल नपाइएला। | **वृश्चिक** :समयमा हक दाबी गर्न नसक्दा कम मात्र लाभांश प्राप्त हुनेछ। |
| **मिथुन** :विशेष निम्तो प्राप्त भए पनि आतिथ्य खर्चिलो बन्नेछ। | **धनु** :विशेष अवसरले प्रसन्नता दिलाउनेछ सहयोगीहरूको साथले काममा जगाउनेछ। |
| **कर्कट** :प्रतिस्पर्धामा उत्रनुपरे पनि बुद्धिको उपयोगले प्रतिष्ठा जोगाउन सफल भइनेछ। | **मकर** :भैपरी आउने खर्चले चिन्ता बढाउन सक्छ। परिवारजनबाट टाढिनुपर्ला। |
| **सिंह** :समय दिन नसकिए पनि अध्ययनको नतिजा राम्रो आउनेछ। | **कुम्भ** :श्रमको उचित मूल्यांकन हुनेछ। सञ्चित धनको उपयोग गर्दा फाइदा हुनेछ। |
| **कन्या** :परिस्थितिअनुसार निर्णय लिन नसक्दा काम दोहोर्‍याउनुपर्ने हुन सक्छ। | **मीन** :पुराना कामको चर्चा हुनेछ र नयाँ काम गर्ने अवसर जुट्नेछ। |

# शिक्षा

## कति पढेर क्यानडाको भिसा अप्लाई गर्ने ? वर्क परमिट कसरी लिने ?

**बसन्त पाण्डे**

पछिल्लो केही वर्षयता विदेश जाने नेपाली युवाहरुको लर्को लागेको छ । धेरैजसो रोजगारी र पढाइको सिलसिलामा विदेश गइरहेका छन् । कतिपयलाई युवालाई विदेशिनु बाध्यता मात्रै नभएर रहर पनि छ । रोजगार र शिक्षाका लागि विदेशिनु बाध्यता भए पनि कतिपय घुमघामकै लागि विदेश प्रवेश गर्ने र उतै रोजगार वा व्यवसायमा जम्ने गरेका छन् । नेपाली युवाहरुको विदेश मोहको फाइदा भने कतिपय ठगी धन्दा गरेर अकुत आर्जन गर्ने व्यक्ति वा समूहले लिएको देखिन्छ । केही अघिसम्म मलेसिया, कतार, दुबई, साउदी, बहराइन लगायतमा मध्यपूर्वी देशहरुमा आकर्षक रोजगारी र आम्दानीको लोभ देखाएर गठी गर्नेहरुले पछिल्लो समय यूरोप, अमेरिका, क्यानडा, अष्ट्रेलिया लगायतका मुलुकमा रोजगारीको अवसर देखाएर ठगी गरिरहेका छन् ।

सक्कल जस्तै देखिने नक्कली कागजात बनाएर ठगी धन्दा चलाइरहेकाहरुको स्क्याममा सोझा युवाहरु पर्ने जोखिम बढी हुने गरेको छ । बिनासीप वा औपचारिक शिक्षा विना नै रोजगारी दिलाउने तर त्यसका लागि मोटो रकम खर्च लाग्ने भन्दै युवाहरुलाई फसाउने गरिएको गुनासो व्यापक मात्रामा सुनिन्छ । क्यानडा, युरोप, अमेरिका जस्ता उच्च आम्दानी हुने देशहरुमा पुगेर रातारात लाखौं आम्दानी गर्ने सपना बुनेका युवाहरु पत्तै नपाई गिरोहको जालमा पर्दा घर न घाटको भएका धेरै घटनाहरु बाहिर आएका छन् । ठगीबाट बच्नका लागि प्रयाप्त जानकारी हुन आवश्यक छ । क्यानडा कसरी आउने ? अध्ययनका लागि कुन तह उत्तीर्ण गरेर आउने र रोजगारीका लागि के कस्तो अवसर छ भनेर जानकारी दिने प्रयास यो लेखमार्फत् गरिएको छ । सर्वप्रथम त क्यानडामा रोजगारीको नाममा हुने संभावित ठगीबाट कसरी जोगिने ? यसबारे चर्चा गरौं ।

**क्यानडाको भिषा र रोजगारीको नाममा हुने ठगीबाट कसरी बच्ने ?**

तपाई क्यानडा आउन चाहानु हुन्छ भने पछिले आवश्यक प्रक्रियाका विषयमा क्यानडाको दूतावासको आधिकारिक निकाय वा वेबसाइटमा गएर विस्तृत विवरण अध्ययन गर्नुपर्ने हुन्छ । साथै क्यानडाको भिषा प्राप्तीको प्रक्रियापछि आवश्यक कागजात जुटाउने र नियमपूर्वक भिषाका लागि आवेदन दिनुपर्ने हुन्छ । पैसा खर्च गरेकै भरमा कसैले सहजै क्यानडा पठाइदिन्छु भन्यो भने विश्वास गरिहाल्नु हुँदैन । आकर्षक विज्ञापनको भरमा कसैले क्यानडा पठाउने प्रलोभन देखाएको छ भने त्यस्ता व्यक्ति वा गिरोहको विश्वास कदापी गर्नु हुँदैन । विना सीप र उच्च शिक्षा विना क्यानडामा रोजगारीको अवसर नमिल्ने हुँदा पहिले नै स्पष्ट हुन आवश्यक छ । आफूसँग सीप र दक्षता छ भने मात्रै क्यानडामा भिषाको लागि आवेदन दिनु सबै भन्दा बढी उपयुक्त हुन्छ ।



**विद्यार्थीहरु कति पढेर क्यानडा आउने ?**

पछिल्लो समय नेपालमा १२ कक्षा उत्तीर्ण गरेपछि क्यानडा आउन चाहनेको ठूलो जमात छ । तर मोटो रकम खर्च गरेर अध्ययनको बाहनामा रोजगार गर्ने र छिट्टै कमाउने भित्री मनसाय विद्यार्थीहरुमा देखिन्छ । विना सीप, विना उच्च शिक्षा क्यानडामा रोजगारका लागि विद्यार्थी भिषामा आउनु उचित होइन । १२ कक्षा उत्तीर्ण विद्यार्थीले क्यानडा आएपछि पहिलो प्राथमिकतामा उच्च शिक्षा पुरा गर्नुपर्ने हुन्छ । उच्च शिक्षा पुरा गर्दा क्यानडामा ठूलो धनराशि खर्च हुन्छ । पढ्दै काम गर्दै खर्च पुर्याउन कठिन हुन्छ । १२ कक्षा मात्रै उत्तीर्ण विद्यार्थीमा व्यवहारिक ज्ञान र सीपको कमी हुँदा क्यानडामा हत्तपत्त रोजगारीको अवसर प्राप्त हुँदैन ।

रोजगारी मिले पनि समय अभावमा गर्न नसकिने अवस्था सिर्जना हुन सक्छ । रोजगारदाताले पनि सकेसम्म पार्टटाइम काम गर्नेहरुलाई भन्दा फूल टाइम काम गर्नेहरुलाई प्राथमिकता दिने गरेका कारण पनि नेपालमा कम्तीमा स्नातक उत्तीर्ण तह गरिसकेपछि मात्रै क्यानडाको भिषाको लागि आवेदन दिनु उचित हुन्छ ।

**क्यानडामा वर्क परमिट कसरी प्राप्त गर्ने ?**

आप्रवासीका लागि क्यानडामा काम गर्नका लागि सबैभन्दा पहिले वर्क परमिट आवश्यक पर्दछ । वर्क परमिटका लागि दुई प्रकारको तरिका अपनाउन सकिन्छ । पहिलो रोजगारदाता विशेष क्यानेडियन कार्य अनुमति र दोस्रो क्यानडा खुला कार्य अनुमति । पहिले चर्चा गरौं रोजगारदाता विशेष क्यानेडियन कार्य अनुमतिको विषयमा । नियोक्ता विशेष कार्य अनुमतिले काम गर्न अनुमति दिने नियोक्ताको नाम, कामदारले काम गर्न सक्ने अवधि र कामको स्थान उल्लेख गरिएको हुनुपर्छ । रोजगारदाता विशेष कार्य अनुमतिका लागि रोजगारदाताले श्रमिकलाई निम्न दुई प्रकारका विषयहरु उपलब्ध गराउन अनिवार्य छ, पहिलो- श्रमिकको रोजगार सम्झौताको प्रतिलिपि र दोस्रो- श्रम बजार प्रभाव मूल्यांकन (एलएमआईए) को प्रतिलिपि वा एलएमआईएमुक्त कामदारहरुका लागि रोजगार नम्बरको प्रस्ताव ।

**के हो श्रम बजार प्रभाव मूल्यांकन (एलएमआईए) ?**

अन्तर्राष्ट्रिय श्रमिकलाई काममा राख्नुअघि क्यानडाका रोजगारदाताहरुले एउटा विशेष कागजात प्राप्त गर्नु पर्दछ, जसलाई छोटकरीमा एलएमआईए भनिन्छ । कुनै पनि विदेशी कामदारलाई काममा लगाउनु अघि यहाँका रोजगारदाताले क्यानडाकै नागरिक वा स्थायी बासिन्दा कामका लागि उपलब्ध छैनन्, उक्त कामका लागि विदेशी श्रमिकको आवश्यता छ भन्ने पुष्टि गर्नु नै एलएमआईए हो । यदि एक रोजगारदातालाई एलआईएमए आवश्यक छ भने एउटाका लागि आवेदन दिन सक्छन् । यस बाहेक क्यानडामा रोजगारीका लागि अस्थायी विदेशी कामदार कार्यक्रम (टीएफडब्लूपी) मार्फत पनि विदेशी कामदार लिन सक्छन् । यसका लागि पनि क्यानेडेली कामदार उपलब्ध नभएको अवस्थामा अस्थायी रुपमा विदेशी कामदार राख्नका लागि अनुमति लिनु पर्छ ।

*-अनलाइन खबर डटकम*

## घाँस बेचेर शिक्षकलाई तलब

एउटा सरकारी विद्यालयमा कार्यरत शिक्षक विद्यालय परिसरमा रहेको मैदानको घाँस बेचेर तलब खान्छन् भन्दा पत्यार नलाग्न सक्छ । तर त्यो यथार्थ डडेल्धुराको भित्रीमधेश क्षेत्र परशुराम नगरपालिका-६ चन्दनीस्थित सिद्धनाथ माध्यमिक विद्यालयका निजी स्तरका शिक्षकले भोग्दै आएका छन् । २०३१ मा स्थापना भएको विद्यालयले हजारौं विद्यार्थी उत्पादन गरेर शिक्षा, स्वास्थ्य, कर्मचारी र राजनीतिक क्षेत्रमा दक्षजनशक्ति दिएको उक्त विद्यालयको आन्तरिक स्रोत नहुँदा समस्या छ ।

निजी स्रोतका शिक्षक एवं कर्मचारीलाई तलब खुवाउनकै लागि गाउँमा चन्दा सहयोगदेखि विद्यालयको दुई बिघा क्षेत्रफलमा हुने घाँस बिक्री गरेर समेत आर्थिक जोहो गर्नुपरेको विद्यालयका प्रधानाध्यापक गौरीदत्त भट्टराईले बताए । 'स्थानीय सामुदायिक वनले विगतमा सहयोग गर्दा विद्यालय सञ्चालनमा अलि सहयोग पुगेको थियो,' प्रधानाध्यापक भट्टराईले भने, 'केही वर्षयता वन पदाधिकारी मुद्दामा मुछिएपछि त्यो पनि बन्द भयो ।' प्राविदेखि प्लस टुसम्म २७२ जना विद्यार्थी अध्ययनरत रहेको विद्यालयमा २० जना शिक्षक कर्मचारी कार्यरत छन् । 'मैदानको घाँस बिक्रीबाट रु १५/२० हजार र अर्को स्कूलको एउटा घर प्रहरी चौकीलाई भाडामा दिंदा मासिक रु चार हजार आउँछ,' उनले भने, 'त्यो बाहेक विद्यार्थीको प्रमाणपत्र लिंदाको शुल्क र स्थानीयले दिएको चन्दा सहयोगले पनि जेनतेन निजी शिक्षकलाई तलब खुवाउनु परेको छ ।' विद्यालयमा कम्प्युटर सहायक, पुस्तकालय सहायक, परिचर र एक जना दस जोड दुई तहमा अध्यापनरत शिक्षक गरी चार जना निजी स्रोतका शिक्षक रहेका छन् । स्थानीय तहको निर्वाचनका बेला परशुराम नगरपालिकाले निजी स्रोतका शिक्षकलाई रु ३५ हजार मासिक दिने भनेर आश्वासन दिएपनि त्यो कार्यान्वयन नभएको प्रधानाध्यापक भट्टराईको गुनासो छ । 'नगरपालिकामै



बोलाएर आश्वासन दिएपनि रकम प्राप्त भएको छैन,' उनले भने, 'निजी स्रोतका शिक्षकलाई विदाई गरौं यता पढाई प्रभावित हुने चिन्ता छ ।' उनले निजी स्रोतका शिक्षक कर्मचारीमा मासिक ८० हजार खर्च हुने गरेको जानकारी दिए । विद्यालयको मुद्दती खातामा रहेको रकमबाट मासिक ६० हजार ब्याज आउने भएकाले पनि केही राहत भएको उनको भनाइ थियो । विद्यालयमा सात जना शिक्षक स्थायी, चार जना निजी स्रोत र बाँकी नौ जना राहत र करारमा कार्यरत रहेको विद्यालय प्रशासनले जनाएको छ । *-रासस*

## स्थानीय तह सबलीकरणमा शिक्षा र प्रेस

*देशको शिक्षा र स्थानीय तहको सबलीकरणतर्फ ध्यान दिने फुर्सदसमेत नमिलेको आभास मिल्न थालेको छ । विकास र समृद्धिमा केन्द्रित राजनीति नै आजको सही मार्गचित्र हो । विकासका स्रोतहरू बिना परिचालन कुनै पनि मुलुकको विकास सम्भव छैन तर वर्तमानको अवस्था भने यस विषयबाट टाढै देखिँदै आएको छ । कृषि, पर्यटन, जलस्रोत, शिक्षा, स्वास्थ्य जस्ता कुरामा स्थानीय तहबाटै सुधार्दै माथि उठाउने प्रयत्न हुनु जरुरी छ । कृषि हाम्रो प्रमुख पेसा भएकाले उर्वर र उत्पादनशील जमिनको संरक्षण हुनु जरुरी छ । वर्तमान संविधानले स्थानीय तहमा ठूलो जिम्मेवारी प्रदान गरिसकेको छ । स्थानीय तहले सही दिशा, कार्यक्रम र गन्तव्य लिन नसकेर बाटो अलमलिन थालेको आभास हुन थालेको छ । उपयुक्त कानुन र अधिकार प्रयोजनको दायित्वको अभावले स्थानीय तह सबलीकरण हुन सकिरहेको छैन ।*

**रमेशप्रसाद गौतम**

देशको वर्तमान अवस्थाबारे हरेक नेपालीलाई थाहै छ । यहाँ भएका शिक्षा, प्रविधि, सञ्चार आदिको पहुँचले आममानिसलाई राज्यका हर गतिविधिसँग परिचित गराई नै रहेको छ । देशभित्र हरेक दिन के भयो ? के हुँदै छ ? राज्यसत्ता हाँक्नेहरूले के गरिरहेका छन् यावत कुराबाट आज जनता अनजान छैनन् । हरेक गाउँगाउँ र टोलटोलसम्म शिक्षाको पहुँच पुगेको छ । विद्यालयहरू प्रशस्त खुल्दै आएका छन् । जनताका घरघरमा रेडियो, टेलिभिजन र मोबाइल पुगेका कारण सबैमा यथेष्ट सूचना प्राप्त छ । देशमा गुणस्तरीय शिक्षा र सुशासनका नारा प्रशस्त घन्किरहेका छन् तर देशले सही दिशा पक्डन सकिरहेको छैन । राजनीतिक पार्टीका नेता र कार्यकर्ताहरू पारदर्शी र इमानदार बन्न नसक्दा संघीयता स्थानीय तहमा सबलीकरण बन्न सकिरहेको छैन । यिनमा अलिकता पनि पारदर्शी र इमानदारी देखिने हो भने स्थानीय तहमाथि उठ्न सक्ने हुन्थ्यो तर यहाँ सुन तस्करी एनसेल काण्ड भुटानी शरणार्थी काण्ड, अन्य पुराना अनेक स्क्याण्डलमा राजनीति फसिरहेको छ । देशको शिक्षा र स्थानीय तहको सबलीकरणतर्फ ध्यान दिने फुर्सदसमेत नमिलेको आभास मिल्न थालेको छ । विकास र समृद्धिमा केन्द्रित राजनीति नै आजको सही मार्गचित्र हो । विकासका स्रोतहरू बिना परिचालन कुनै पनि मुलुकको विकास सम्भव छैन तर वर्तमानको अवस्था भने यस विषयबाट टाढै देखिँदै आएको छ । कृषि, पर्यटन, जलस्रोत, शिक्षा, स्वास्थ्य जस्ता कुरामा स्थानीय तहबाटै सुधार्दै माथि उठाउने प्रयत्न हुनु जरुरी छ । कृषि हाम्रो प्रमुख पेसा भएकाले उर्वर र उत्पादनशील जमिनको संरक्षण हुनु जरुरी छ । वर्तमान संविधानले स्थानीय तहमा ठूलो जिम्मेवारी प्रदान गरिसकेको छ । स्थानीय तहले सही दिशा, कार्यक्रम र गन्तव्य लिन नसकेर बाटो अलमलिन थालेको आभास हुन थालेको छ । उपयुक्त कानुन र अधिकार प्रयोजनको दायित्वको अभावले स्थानीय तह सबलीकरण हुन सकिरहेको छैन ।

स्थानीय नेतृत्व कमजोर भयो भने त्यहाँका हरसंरचना र प्रक्रिया नै अधुरा हुन्छन् । यदि नेतृत्व सक्षम र आत्मविश्वासी छ भने आफ्नो क्षेत्रको स्वास्थ्य, शिक्षा लगायतका हरक्षेत्रमा अघि बढ्न केहीले छेक्दैन । यस्तो नेतृत्वलाई स्थानीय जनताको पनि पूर्णसमर्थन हुन्छ । लोकतन्त्रमा हरेक तह तप्काको नेतृत्व संवैधानिक प्रकृयाबाटै चयन हुने गर्दछ । जसले राम्रो काम गर्न सक्छ त्यसलाई जनताले चुन्न सक्नुपर्दछ । यस अर्थमा स्थानीय चुनावमा योग्य व्यक्तिलाई चुन्न सकेमा त्यहाँको विकासका पूर्वाधार निर्माण हुन कठिन हुँदैन । सही र योग्य नेतृत्व स्थानीय तहले प्राप्त गर्न सकेमा त्यहाँको विकास निर्माणमा सबलीकरणको सम्भावना अवस्यभावी छ । यदि त्यहाँ पत्याउनलायक दल र नेता नभएमा स्थानीय तहको सबलीकरण सम्भव हुँदैन । लोकतन्त्रमा एउटा दल वा नेतृत्वले राम्रो काम गर्न नसके अर्को दल वा नेतृत्व विकल्पका रूपमा आउन सक्दछ तर यसमा जनता भने सजग र चेतनशील हुनु जरुरी छ । असक्षम र अयोग्य नेतृत्वले अनेक प्रलोभनमा फसाई चुनावमा भोट मागेर जिते भने जनता स्वयमले सास्ती भोग्नुपर्ने हुन्छ । संघीय सरकारले शिक्षाको क्षेत्रमा गर्नुपर्ने कार्यहरू व्यवस्थित गरी स्थानीय तहलाई अग्रसर तुल्याउन आवश्यक कानुनको अझै व्यवस्था गर्न नसकेको गुनासाहरू सुन्नमा आइरहेका छन् । संविधान अनुसार शिक्षाको अधिकारको सुनिश्चितता गर्ने कानुनको मस्यौदा संघीय सरकारले गर्नुपर्ने थियो त्यो अझै हुन सकेको छैन । यी अधिकारका कार्यक्षेत्र मूल सैद्धान्तिक आधार संविधानमा त उल्लेख गरिएका मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरू संविधानमै स्थानीय तहको अधिकार क्षेत्रभित्र पर्ने भनी आधारभूत र माध्यमिक शिक्षालाई किटान गरिदिएको छ । संविधानमा उल्लेखित मौलिक हक, राज्यका निर्देशक सिद्धान्त र राज्यनीतिसहित अनुसूचीमा उल्लेख गरिएका सवालमा स्थानीय सरकारले जस्तै प्रदेश सरकारले सञ्चालन गर्न पाउनुपर्ने ऐनको पनि खाँचो पर्दछ । हाम्रोजस्तो अनेक विविधताले भरिएको देशमा विकासका हर पूर्वाधारमा रहेको विविधता, स्रोत साधन र क्षमतामा रहेको विषमता र सरकार सरकारबीच सञ्चालन गर्न चाहिने न्यूनतम सामार्थ्यमा रहेको भौगोलिक सांस्कृतिक, धार्मिक, आर्थिक, सामाजिक भिन्नताको अवस्थालाई मध्यनजर राखी आधारभूत सेवा सुविधाका लागि समन्वय, सहजीकरण र व्यवस्थापकीय दायित्वको पनि त्यत्तिकै खाँचो छ ।

हुन त नेपाली मानसिकताले नयाँ नयाँ सोच र नयाँ संरचनाको चाहना राखेता पनि पुरानो मानसिकताबाट देश माथि उठन सकिरहेको छैन । शिक्षाको व्यवस्थापन र विकास निर्माणका पूर्वाधार वैज्ञानिक ढंगले सुदृढीकरण हुन नसक्नाले देश अन्योलतातर्फ धकेलिन लागेको छ । सिंहदरबारको अधिकार अब सबै स्थानीय सरकारमा जाने र हरेक नेपालीले आफ्नो घर दैलोमा सिंहदरबार देख्न पाउँने आशा मृगतृष्णामा परिणत भएको छ । यतिखेर मुलुकले ठूलो राजनीतिक फड्को मारी लोकतन्त्रको बहाली भइसकेको छ । मुलुकले राजनीतिक साथै समग्र पक्षमा आमूल परिवर्तनको चाहनाले सबै वर्ग, पेशा, समुदाय, जाति, जनजाति, दलित, महिला र दुर्गम क्षेत्रमा बसोबास गरेकाले समेत पनि सार्थक रूप भने अझै देख्न पाएका छैनन् । यसमा हाम्रो राजनीतिक नेतृत्ववर्ग चुकेकै मान्नुपर्दछ । सक्षम र कुशल नेतृत्वको अभावमा जनचाहना तुहिँदै गएको छ । भ्रष्टाचार र अनियमितता भने देशभर मौलाउँदै गएको छ । शिक्षालाई प्रभावकारी ढंगले अघि बढाउन योजनाबद्ध रूपमा केन्द्रीय तहदेखि स्थानीय तहसम्मका व्यवस्था पक्षलाई सुदृढ गरी व्यवस्थापकीय दायित्वबोध हुन जरुरी छ । अहिले हरतहमा विद्यमान शिक्षाका चुनौतीहरूलाई सामना गर्दै समस्याहरू न्यूनीकरण गर्दै लग्नुपर्ने ठाउँमा झन झन जटिलता बढ्दै पेचिलो बन्दै आउँदासमेत केन्द्रीय नेतृत्व मौन छ । यसले गर्दा स्थानीय सरकार सबल बन्नुको सट्टा कमजोर महसुस हुँदै जान थालेको छ । अनि कसरी स्थानीय तह सबलीकरण बन्न सक्दछ ? बालबालिकाको भावी जीवनसँग राष्ट्रको भविष्य जोडिएको छ । हरेक बालबालिका उपयुक्त शिक्षा पाउने सबालमा हरेक नागरिकले आफ्नो कर्तव्यबोध गर्नुपर्दछ । राष्ट्रको भविष्यका लागि सबै तह र तप्काबाट समुचित सहयोग र सद्भावना राखिरहनु पर्दछ । स्थानीय तहदेखि नै प्रत्येक बालबालिकालाई विद्यालय भर्ना गराउनुपर्ने अनिवार्य दायित्वको व्यवस्था गरिनुपर्दछ र जुन अभिभावकले आफ्ना नानीहरूलाई विद्यालय भर्ना गराउँदैनन् तिनलाई विभिन्न उत्प्रेरण जगाउने कार्यक्रम ल्याउनुपर्दछ । बालबालिकालाई विद्यालय नपठाउने अभिभावकहरूको पनि स्थानीय तहबाटै खोजी गरी तिनका समस्या बुझी सक्दो सहयोग गरिनुपर्दछ । निरपेक्ष गरिबीका रेखामुनि रहेका परिवारप्रति बढी चासो राखिनुपर्दछ । यस्ताखाले बालबालिका लागि बढी प्रोत्साहित भत्ता र छात्रवृत्तिको प्रबन्ध हुनु आवश्यक छ ।

शिक्षा, संस्कृति, विज्ञान र प्रविधि, आमसञ्चार र सामाजिक क्षेत्रमा विश्वास प्राप्त उपलब्धिहरू मानव जातिका लागि उपयोग गर्न अभिप्रेरित संस्थाको रूपमा युनेस्कोको स्थापना भयो । यस संस्थाले बालबालिका शान्ति क्षेत्रका रूपमा स्वीकार गर्दै आएको छ । आमसञ्चारले बालबालिकाको चेतनास्तर उठाउन र युनेस्को सम्बद्ध क्रियाकलापहरूमा सक्रय रहन अभिप्रेरित गर्ने काम पनि गरेको छ । पत्रकारितामा सत्यको खोजीमात्र होइन त्यहाँ सुन्दरता पनि त्यत्तिकै छ । यसले विचारमात्र प्रदान गर्ने होइन व्यवहार पनि सिकाउँदछ । अहिले कतिपय घटनामा राजनीतिक दलहरूमा देखिएको विचलन विकृति र गलत कृयाकलापप्रति चोटिलो प्रहार गर्न हाम्रो पत्रकारिता क्षेत्र पछि परेको छैन । यसले शिक्षाप्रतिको मोह, देशप्रेम र जिम्मेवारीको बोधसमेत गराउने प्रयत्न गर्दछ । यसर्थ स्थानीय तहलाई सबलीकरण बनाउन र त्यहाँको सर्वाङ्गीण विकास गराउन अभिप्रेरित गर्न प्रेस जगतको भूमिका पनि ठूलो हुन्छ ।

*-हिमालय टाइम्स डटकम*

# आज राष्ट्रिय टोपी दिवस मनाइँदै



**पाल्पा,** पुस १५/राष्ट्रिय टोपी दिवस आज विभिन्न कार्यक्रम गरी मनाइँदैछ । मेरो शान, मेरो पहिचान राष्ट्रिय पोशाक संरक्षण अभियान भन्ने अभिप्रायका साथ पाल्पासहित देशभर दिवसका रुपमा हर्सोउल्लासका साथ मनाउन लागिएको हो ।

मुलुकमा पश्चिमा संस्कृतिको प्रभाव बढ्दै गएको भन्दै केही युवाको अगुवाईमा २०७० सालदेखि हरेक वर्षको जनवरी १ लाई टोपी दिवस र पौष १७ गतेलाई राष्ट्रिय पोशाक दिवसको रुपमा मनाउन सुरु गरेका थिए । नेपालमा मात्रै नभइ विदेशमा समेत रहेका धेरै नेपालीले परम्परागत ढाका र भादगाउँले टोपी लगाएर सामाजिक सञ्जालमा तस्वीर पोस्ट गर्ने गरेका छन् । सदियौँदेखि नेपाली पहिचानको रुपमा रहेको दौरा सुरुवाल, टोपी र गुन्यूचोलोलाई तत्कालीन सरकारले राष्ट्रिय पोशाकको सूचीबाट हटाएपछि अभियानले नेपाली ढाका टोपी, भाद्गाउँले टोपीलाई राष्ट्रिय पहिचानका रुपमा घोषणा गरियोस् भन्ने मागसहित सरकारलाई दबाब दिँदै आएको छ । दिवसका अवसरमा आज पाल्पामा पनि पाल्पाली युवाहरु तथा विभिन्न संघ-संस्थाको सक्रियतामा टोपी दिवस मनाउन लागिएको छ । ढाका टोपी दिवस भने पनि नेपाली पुस्ताले ढाका टोपीसँगै भादगाउँले टोपीको पनि महत्व बुझ्न जरुरी छ । प्रथम राणा प्रधानमन्त्री जंग बहादुर राणा सन् १८४० मा बेलायत जाँदा जहाजका बाली कर्मचारीले धोती माथि लगाएका कमिज अर्थात् अहिलेको इस्टकोट अनि ढाका टोपी देखेर राम्रो लागि त्यही भेष नेपालमा लिएर आएका कथाहरू पनि ढाका टोपी पछाडीका अपुष्ट इतिहास हुन् । ढाका नेपाली हातले बुनिने एउटा विशेष कपडाको प्रकार हो र त्यसबाट बनेको टोपी नेपालीको शान । ढाका टोपीको इतिहासलाई हेर्दा भारतमा ब्रिटिस साम्राज्यको राजकाजबाट हेर्नुपर्ने हुन्छ । त्यस समयमा भारतमै रहेको बङ्लादेशमा निर्माण हुने टोपीको कपडा बङ्गालादेशको ढाकामा बन्ने गर्दथ्यो जसलाई नेपालसम्म आयात गरिन्थ्यो । क्रमश: ढाकामा बनेको यस टोपीलाई ढाका टोपी भनिन थाल्यो, यही टोपी नेपाली शानको पर्याय हुन गएको हो । आज नेपाल ढाका कपडामा स्व निर्भर छ, पाल्पा लगायतका धेरै ठाउँमा ढाका कपडाको उत्पादन हुने गर्दछ । नेपालका हरेक विवाह अनि समारोहमा ढाकाका कपडा, टोपी एवं चप्पल पवित्र एवं सम्मानजनक मानिन्छन् ।

# रायमाझी कूलदेवता समितिद्वारा जेष्ठ नागरिक सम्मानित



**पाल्पा,** पुस १५/रायमाझी कूलदेवता तानसेन नगर समितिले जेष्ठ नागरिकलाई सम्मान गरेको छ । समितिले आइतबार तानसेनमा २० औं साधारण सभाको अवसरमा ५ जना जेष्ठ नागरिकलाई सम्मान गरेको हो ।

जेष्ठ नागरिक तथा नगर समितिका सभापति देवेन्द्रबहादुर रायमाझी, उनको धर्म पत्नी राधादेबी रायमाझी, समितिका सदस्यहरु मुना रायमाझी, विष्णु रायमाझी, बालकुमारी रायमाझीलाई समितिले सम्मान गरेको छ । सम्मानित व्यक्तित्वहरुलाई कार्यक्रमका प्रमुख अतिथि, रायमाझी कूलदेवता समिति पाल्पाका सभापति झलकबहादुर रायमाझीले सल, माला ओढाएर सम्मान गरेका थिए । जेष्ठ नागरिकलाई सम्मान गर्दै प्रमुख अतिथि रायमाझीले तानसेन नगर समितिले जेष्ठ नागरिकको योगदानलाई सम्मान गरेर प्रशंसनिय कार्य गरेको बताए । उनले अग्रजहरुले देखाएको बाटोमा समिति हिडेकोमा खुसी व्यक्त गर्दै आगामी दिनमा पनि यस्ता कार्यक्रम गर्न समितिलाई आग्रह गरे । समितिले रायमाझी बन्धुहरुलाई एक ठाउँमा ल्याउने काम गरेको र कुल खोज्दै बन्धुहरु जोडिने क्रम समेत बढदै गएको रायमाझीले बताए । उनले दुखी र अफ्ठ्यारोमा परेकाहरुलाई सहयोग गर्नु पर्नेमा जोड दिए । छहरामा हुने कुल पुजालाई आगामी दिनमा थप व्यवस्थित गर्दै जाने समेत उनले बताए । समितिका सभापति देवेन्द्रबहादुर रायमाझीले बन्धुत्वको भावना उजागर गरी अन्य समुदाय र वर्गलाई पनि एक शुत्रमा बाध्न रायमाझी बन्धुहरु उदाहरणीय र अनुकरणीय रहेको बताए । उनले रायमाझी बन्धुहरुमा परेको समस्यालाई समाधान गर्न समिति सधैव तयार रहेको धारणा व्यक्त गरे । कार्यक्रममा लक्ष्मणबहादुर रायमाझी, कृष्ण रायमाझी, नारायण रायमाझी, मुना रायमाझी लगायतले समितिलाई अझ मजबुद र सक्रिय बनाएर लैजानुपर्नेमा जोड दिए । कार्यक्रममा समितिका सचिव खिमबहादुर रायमाझीले समितिको आर्थिक तथा सांगठनिक प्रतिवेदन प्रस्तुत गरेका थिए । समितिले हरेक वर्ष रायमाझी बन्धुहरु मध्येबाट ७५ वर्ष पुगेका जेष्ठ नागरिकलाई सम्मान गर्दै आएको छ । समितिका सभापति देवेन्द्रबहादुर रायमाझीको सभापतित्व, सदस्य केशवबहादुर रायमाझीको स्वागत, सचिव खिमबहादुर रायमाझीको सञ्चालनमा कार्यक्रम भएको थियो ।

# शिक्षामा ज्योती जगाउँदै...

...चन्दादाता रानाले अधिकांश कुमाल समुदायका बालबालिकाको अध्ययन गर्ने जनता प्राथमिक विद्यालय बगनासकाली-२ पोखराथोकलाई ५ लाख ५ हजार ५ सय ५५ को अक्षयकोष स्थापना गरिदिएका छन् । कुमाल समुदायका अशिकाशं बालबालिकाले आर्थिक अभावका कारण बिचैमा पढाइ छाड्ने क्रम अत्याधिक रहेकाले न्युनिकरणको लागि अक्षयकोष स्थापना गरेका हुन् । रानाले विद्यालयका ६० बालबालिकालाई झोला र विद्यालयमा अध्यनरत फरक क्षमताका बालकलाई ५ हजार सहयोग प्रदान गरेका छन् । रानाले बगनासकाली-२ पोखराथोक विष्णु माध्यमिक विद्यालयमा ३ लाख ५ हजार ५ सय ५५ को अक्षयकोष स्थापना गरेका छन् । यस्तै उनले तानसेन-९ को दमकडा माध्यमिक विद्यालयका दुष्टिविहानलाई भोजन दानासहित १ लाख ५ हजार ५ सय ५५ को अक्षयकोष स्थापना गरेका छन् । बगनासकाली गाउँपालिका-४ खानीछापको हिमाल प्राथमिक विद्यालयमा १ लाख ५ हजार ५ सय ५५ को अक्षयकोष स्थापनासंगै ४० जना विद्यार्थीलाई झोला वितरण पनि उनले गरेका छन् । समाजसेवी रानाले सोही वडाको हिमाल आधारभुत विद्यालयमा ५ लाख ५ हजार ५ सय ५५ को अक्षयकोष र विद्यार्थीलाई ७० वटा झोला वितरण गरेका छन् । रानाले बगनासकाली गाउँपालिका भरीका वृद्धा-वृद्धलाई लट्ठी वितरण गर्ने तयारीमा जुटेका छन् । लामो समयदेखि दुवईमा रोजगारी गर्दै आएका रानाले गएको अप्रिल १५ तारिका दिन दुवईमा झण्डै ७२ करोड रुपैयाँको चिठ्ठा जितेका थिए । म अहिले निकै खुसी छु, जन्म भूमि प्रति केही सेवा गर्न पाउँदा मेरा हात रमाएका छन् । मनभरी खुसी भरिएको छ । मेरो समय र क्षमता भ्याउदासम्म यहाँको सामाजिक कार्यमा निरन्तर सहयोग गर्ने रानाले बताए । आफु सानो छदा आर्थिक अभावकै कारण उच्च शिक्षा हासिल गर्नबाट बञ्चित भएकोले रानाले आर्थिक अभावका कारण शिक्षा आर्जन गर्नबाट कोहि पनि बञ्चित नहुने भन्ने हेतुका साथ सामाजिक कार्यलाई अगाडि बढाउदै आएको रानाले बताए । अक्षयकोषदाता रानालाई विद्यालयका विद्यार्थी, शिक्षक र स्थानीयहरूले विद्यालय विद्यालय फूलमाला अविर तथा पञ्चेबाजाले भव्य स्वागत गरेका छन् । समाजसेवी रानाले आफु जन्मेको, हुर्केको पढेको खेलेको ठाउँमा सहयोग गर्नुपर्छ भन्ने भावनाका साथ सामाजिक कार्यमा अग्रसर भएको बताएका छन् ।

## खेलकुद समाचार

# सुदूरपश्चिम दोस्रो क्वालिफायरमा



**काठमाडौं,** पुस १५/सुदूरपश्चिम प्रदेश प्रधानमन्त्री कप महिला राष्ट्रिय टी-२० क्रिकेट प्रतियोगिताको दोस्रो क्वालिफायरमा प्रवेश गरेको छ । कीर्तिपुरस्थित अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा आइतबार खेलिएको इलिमिनेटर खेलमा बलियो बागमती प्रदेशलाई नौ विकेटको फराकिलो अन्तरले हराउँदै सुदूरपश्चिम प्रदेश दोस्रो क्वालिफायरमा पुगेको हो ।

इलिमिनेटर खेलमा पराजित भएपछि बागमती प्रदेश भने उपाधि होडबाट बाहिरिएको छ । सुदूरपश्चिम प्रदेशले अब दोस्रो क्वालिफायर खेलमा आज (सोमबार) कोशी प्रदेशको सामना गर्नेछ । दोस्रो क्वालिफायर खेलमा विजयी हुने टोलीले बुधबार हुने फाइनलमा उपाधिका लागि सशस्त्र प्रहरी बलको एपीएफ क्लबसँग प्रतिस्पर्धा गर्नेछ । आइतबार भएको इलिमिनेटर खेलमा टस जिती पहिले ब्याटिङ रोजेको बागमती प्रदेशले १९ ओभरमा अलआउट हुनुअघि ९९ रन बनाएको थियो । जवाफी ब्याटिङमा ओर्लिएको सुदूरपश्चिम प्रदेशले भने १४.३ ओभरमै केवल एक विकेट गुमाएर विजयलक्ष्य पुरा गरेको थियो । सुदूरपश्चिम प्रदेशका लागि ओपनर बिन्दू रावलले अविजित ५४ रनको योगदान गरिन् । उनले केवल ४९ बलको सामना गरी सात चौका पनि हिर्काइन् । अर्की ओपनर रुवि पोद्दार १८ रन बनाउँदै आउट भइन् । उनले २२ बलको सामना गरी दुई चौका हिर्काइन् । तेस्रो नम्बरमा क्रिज समाल्न आएकी सम्झना खड्का २१ रनमा अविजित रहिन् । उनले केवल १६ बलमा दुई चौका प्रहार गरिन् । सुदूरपश्चिम प्रदेशले अतिरिक्त रूपमा सात रन मात्र पायो । बागमती प्रदेशकी बलर मनिषा उपाध्यायले एक विकेट लिइन् । त्यसअघि पहिले ब्याटिङ गरेको बागमतीका लागि कञ्चन श्रेष्ठले सर्वाधिक ३६ रन बनाएकी थिइन् । तेस्रो नम्बरमा क्रिज समाल्न आएकी कञ्चनले ४६ बलको सामना गरी पाँच चौका पनि हिर्काइन् । सोनी पाखिनले पनि टोलीको खातामा १४ रन थपिन् । ओपनर हेलिसा गुरुङले १० रन जोडिन् । खुसी डङ्गोलले पनि १० रन बनाइन् । बागमती प्रदेशका अन्य ब्याटरले भने दोहोरो अंकमा रन बनाउन सकेनन् । बागमती प्रदेशले अतिरिक्त रूपमा पनि ११ रन पाएको थियो । सुदूरपश्चिम प्रदेशकी बलर करिश्मा थापाले तीन विकेट लिइन् । उनले चार ओभरमा ३२ रन खर्चिएकी थिइन् । लक्ष्मी साउद र रितु कनौजियाले पनि दुई-दुई विकेट हात पारे । लक्ष्मीले चार ओभरमा १५ र रितुले चार ओभरमा १० रन खर्चिएका थिए ।

## कर्पोरेट/अर्थ समाचार

# गुल्मी अस्पतालमा डायलासिस सेवा सुरू




**तम्घास (गुल्मी),** पुस १५/गुल्मी अस्पतालमा डायलासिस सेवा सुरु भएको छ । यही पुस ९ गते र १२ गते एक बिरामीलाई डायलासिस सेवा प्रदान गरेसँगै अस्पतालमा अब नियमितरुपमा सेवा सुरु हुने भएको हो ।

जिल्लाको रेसुङ्गा नगरपालिका-८ का देविराम खनालको अस्पतालले सफल डायलासिस गरेको हो । गुल्मीमै डायलासिस सेवा सुरु भएसँगै सेवा लिनका लागि पाल्पा, बुटवललगायत स्थानमा जानुपर्ने गुल्मेलीको बाध्यता अन्त्य हुने भएको छ । डायलासिस सेवाका लागि अस्पतालमा पाँच मेसिन छन् । त्यसमध्ये तीन वटासम्म नियमित सञ्चालन गर्न सकिन्छ भने बाँकी दुई वटा वैकल्पिकरुपमा राख्नुपर्ने हुन्छ । डायलासिस सेवाका लागि अस्पतालमा एक विशेषज्ञ डाक्टर र एक नर्सको व्यवस्था गरिएको छ । एक बिरामीले हप्तामा दुईपटक डायलासिस गराउनुपर्छ । एकपटकमा झण्डै पाँच घण्टा लाग्छ । अस्पतालमा हप्तामा नौ जनालाई डायलासिसको सेवा प्रदान गर्न सकिने अस्पतालका जनस्वास्थ्य निरीक्षक बोम अर्यालले जानकारी दिए । डायलासिस गर्ने जनशक्ति थप गर्नसकेमा सोही सामग्रीबाट दुई वा तीन सिफ्टमा सेवा दिन सकिने र त्यसबाट अधिकतम बिरामी लाभाम्वित हुने अर्यालको भनाइ छ । नेपाल सरकारले एकपटक डायलासिस गराएको दुई हजार पाँच सय दिने गरेको छ । गुल्मी अस्पतालले स्वास्थ्य सेवा विभागबाट डायलासिस सेवाको अनुमति नपाएकाले उक्त सुविधा पाएको छैन । खनालको सफल उपचार गरेसँगै अस्पतालका डायलासिस गर्ने सामग्रीलगायत सबै प्राविधिक पक्ष ठीक भएको प्रमाणित भएकाले अब आधिकारिकरुपमै विभागबाट पत्र आउने अर्यालको भनाइ छ । सो अस्पतालमा डायलासिस गराएका खनालले गत वर्षको माघ १७ गतेदेखि काठमाडौंमा डायलासिस गराउन सुरु गर्नुभएको हो । तीन महिना अगाडिबाट पाल्पाबाट सेवा लिएका खनाल अब जिल्लाकै अस्पतालबाट सेवा लिने पहिलो बिरामी बनेका छन् । पहिलो बिरामी भएकाले खनालको उपचार गुल्मी अस्पतालले नि:शुल्क रुपमा गरेको छ । ***-रासस***


मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक बेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका



कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई